



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com






❖ वर्ष ३४ ❖ २०७८ असार १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 03 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०५


## खहरे र ओरिया खोलाको बाढीले जनजीवन अस्तव्यस्त

प्रस, ठोरी, १८ असार/

निरन्तर वर्षाको कारण ठोरीको जनजीवन झनै प्रभावित हुँदैछ। ठोरीको खहरे खोलामा बाढी आएर दर्जनौं घर डुबानमा परेका छन्।

हुलाकी सडक अग्लो र गाउँ होचो भएको कारण ब्रह्मनगर, निर्मलबस्ती, विजयबस्तीलगायतमा रहेका घरहरू डुबानमा परेका हुन्।

यसैगरी, बाढीले खेत जलमग्न भएको छ र धानखेती प्रभावित हुने किसानहरूले बताएका छन्। वीरगंज-ठोरी हुलाकी सडक अन्तर्गत वडा नं ४ मा रहेको बिरे खोला र निर्मलबस्तीबीच रहेको पुलछेउको सडक भासिएको छ। यसअघि, वर्षाकै कारण पानीको बहाव बढेर पुलको दक्षिणतर्फको सडक भासिएको थियो र एकतर्फी सवारीसाधन सञ्चालन भएको थियो तर अहिले सडकको उत्तरतर्फको भाग भासिन थालेपछि स्थानीय चिन्तित छन्।

पुलदेखि पचास मिटर पश्चिमतर्फ कल्भर्ट क्षेत्रको तारजालीलाई पनि पानीले क्षति पुऱ्याएको छ। जाली भासिएर सडकछेउमा पुगेको छ भने सडकछेउको जमीन कटानमा पर्न थालेको छ। हुलाकी सडक निर्माण गर्दा पानीको बहावलाई ध्यान नदिएको कारण अहिले यो समस्या भोग्नुपरेको ठोरी गापा-४ निर्मलबस्तीका रामबहादुर पाख्रिनले बताए। उनले सडक किनारको तीन कट्ठा जग्गा पानीले कटान गरेको र अझै कटानको क्रम जारी रहेको बताए।

बिरेखोलादेखि एक सय मिटर पश्चिम कल्भर्ट बनाउनुपर्नेमा हुलाकी सडक निर्माण गर्दा कल्भर्ट नराखिएको र सडक अग्लो बनाएर सोझै पुलतर्फ पानीको निकास बनाइएकोले त्यहाँ रहेका खेतीयोग्य जमीन बगरमा परिणत भएको पाख्रिनले बताए।


ठोरी हुलाकी सडकखण्डमा बाढीले कटान गरेको तटबन्ध र सडक। तस्वीरः प्रतीक

बिरेखोला र निर्मलबस्तीबीचको सडकखण्डको किनारमा उनको चौबीस कट्ठा खेत अहिले डुबान र कटानमा परेको छ। यसैगरी, हुलाकी सडक किनारमा थुपारिएको गिट्टी, बालुवा बगेर खेत बगरमा परिणत भएको उनले बताए। ठोरी गापा-४ बाघमोर्चामा ओरिया खोलाको बाढीले खोलाकिनारको जमीन कटान शुरू भएको छ। निरन्तर वर्षाले ठाउँ-ठाउँमा सडक, खेतलाई क्षति पुऱ्याएसँगै विद्युत्को पोल पनि ढालेकाले यो क्षेत्रमा चार दिनदेखि विद्युत् अवरुद्ध भएको छ। साँझ एकपटक मात्र विद्युत् आउने गरेको छ। मध्यरातदेखि विद्युत् अवरुद्ध हुने र साँझ मात्र आउने भएकोले अहिले यहाँको जनजीवन अस्तव्यस्त छ।


(बाँकी अन्तिम पातामा)


## अविरल वर्षाले वीरगंजका अधिकांश ठाउँ डुबानमा

प्रस, वीरगंज, १८ असार/

शुक्रवार परेको वर्षाले पनि आदर्शनगर, रानीघाट, गहवा, रामटोल, श्रीपुरलगायतका क्षेत्र डुबानमा परे।

अहिले श्रीसियामा पानीको बहाव कम नभएकोले महानगरको पानीको निकास


श्रीसिया नदीको बहाव कम नभएको र निरन्तर वर्षा भइरहेकोले महानगरको वर्षे पानी श्रीसियाबाट बग्न नसक्दा महानगर डुबानमा परेको दृश्य। तस्वीरः नितेश कर्ण

वीरगंजलाई डुबायो।

बिहीवार बेलुकीदेखि परेको अविरल वर्षाले शुक्रवार बिहान वीरगंजको मुख्य बजार आदर्शनगरसहित विभिन्न वडा डुबानमा परे।

श्रीसिया खोलामा आएको बाढीले खोलानजीकका विभिन्न वडा डुबानमा परेका छन्। खोलाको बहाव निरन्तर बढिरहेकाले बस्तीमा पानी कम हुन सकेको छैन। आज बिहान परेको पानीले छपकैया, जिल्ला प्रशासन कार्यालय क्षेत्रमा पानीको बहाव बढी थियो। सवारीसाधन सञ्चालनमा आउन सकेनन्। अन्य दिनभन्दा आज पानीको बहाव त्यहाँ बढेको थियो। महानगरका विभिन्न वडामा शुक्रवार बिहानको पानीले बितण्डा मचायो। वीरगंज महानगरमा वर्षे पानीको निकास श्रीसिया खोलासँग सम्बन्धित छ। यहाँको पानी अन्य समयमा पनि सोही खोलामा विसर्जन हुन्छ। रोकिएको छ। त्यसैले पानी परेको बेला महानगरका विभिन्न वडा डुबानमा पर्ने गरेका छन्।

## शुक्रवार चारजना सङ्क्रमित थप

प्रस, वीरगंज, १८ असार/

नारायणी अस्पताल पिसिआर प्रयोगशालाले शुक्रवार साँझ चारजना सङ्क्रमित पुष्टि गरेको छ।

४१ जनाको स्वाब परीक्षण गर्दा पर्साका दुई, चितवन र सप्तरीका एक/एक जना गरी चारजना सङ्क्रमित पुष्टि भएको अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए।

सङ्क्रमित एकजना महिला र तीनजना पुरुष रहेका र उनीहरूको सिटी भ्यालू १८ देखि ३३ रहेको डा सिंहले बताए।

## हात्तीको आक्रमणबाट एकजनाको मृत्यु

प्रस, वीरगंज, १८ असार/

कलैया उपमहानगरपालिकामा जङ्गली हात्तीको आक्रमणबाट एकजनाको मृत्यु भएको छ।

जङ्गल क्षेत्रदेखि १५ किलोमिटरको दूरीमा रहेको कलैया उपमहानगर-२ औधापुरस्थित खेतमा काम गरिरहेका ४५ वर्षीय रामदेव पटेलको जङ्गली हात्तीको आक्रमणबाट मृत्यु भएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले बताए। उनले आज बिहान ७:४५ बजे हात्तीको आक्रमणबाट घाइते पटेललाई उपचारको लागि कलैया अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको बताए।

## वीरगंज र जनकपुर उवासङ्घबीच अन्तर्क्रिया

प्रस, वीरगंज, १८ असार/

वीरगंज उद्योग वाणिज्य सङ्घ र



तस्वीर सौजन्यः वीउवासङ्घ

जनकपुर उद्योग वाणिज्य सङ्घबीच शुक्रवार वीरगंजमा अन्तर्क्रिया भएको छ। जनकपुर उवासङ्घका अध्यक्ष जीतेन्द्र महासेठको नेतृत्वमा शुक्रवार वीरगंज आएको अध्ययन, अवलोकन भ्रमण टोलीसँग वीउवासङ्घले अन्तर्क्रिया गरेको हो।

सङ्घका कार्यवाहक अध्यक्ष हरिप्रसाद गौतमले जनकपुरबाट आएको टोलीलाई स्वागत गरेका थिए। उनले वीउवासङ्घको पृष्ठभूमिको जानकारी गराउँदै गण्डक-पथलैया औद्योगिक कोरिडोरमा रहेका उद्योगले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे चर्चा गरेका थिए।

उनले राजस्वको आधा हिस्सा यो क्षेत्रले बेहोर्दै आएको जानकारी दिए। उनले राजस्वमा आधा हिस्सेदारी भएपनि सरकारी दृष्टिकोण यो क्षेत्रप्रति सकारात्मक नरहेको आरोप लगाए। कावा अध्यक्ष गौतमले जनकपुर र वीरगंजले समान समस्या भोगिरहेको भन्दै साझा समस्या समाधानमा साझा प्रयत्न आवश्यक रहेको औंल्याए।

जउवासङ्घका अध्यक्ष महासेठले नेपालको जेठो उवासङ्घ वीरगंज भएको र यसले शुरूदेखि उद्योग-व्यापार क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको बताए। अध्यक्ष महासेठले अध्ययन, अवलोकन भ्रमणको उद्देश्य दुवै सङ्घबीच आपसी सम्बन्ध विस्तार र विभिन्न विषयमा सहकार्य गर्ने रहेको बताए। उनले अवलोकन भ्रमणमा विभिन्न मुद्दाको पहिचान गरी सोको साझा समाधानको उपाय खोजिने जानकारी गराए। सो क्रममा उनले जनकपुरमा १३ वटा ठूला उद्योग रहेको र त्यहाँ साना घरेलु उद्योगको बाहुल्यता रहेको बताए। उनले साना घरेलु उद्योगको प्रवर्द्धनमा संस्थागत भूमिकाबारे पनि अवलोकन भ्रमणमा अध्ययन, अनुसन्धान भइरहेको जानकारी गराए।

नेपाल उद्योग वाणिज्य सङ्घ प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठले क्षेत्रीय विकासको लागि सङ्घहरूबीच समन्वय र सहकार्यको आवश्यकतामाथि जोड दिए। उनले यसका लागि प्रदेश उवासङ्घले प्रभावकारी भूमिका खेल्ने बताए।

कार्यक्रममा वीउवासङ्घका महासचिव मनोजकुमार दासले धन्यवाद ज्ञापन गरेका थिए।

## नेपाल शिक्षक महासङ्घद्वारा वीरगंज मनपामा धर्ना

प्रस, वीरगंज, १८ असार/

नेपाल शिक्षक महासङ्घ पर्साले


तस्वीर सौजन्यः शुकनारायण

शुक्रवार वीरगंज महानगरपालिकाको कार्यालयमा धर्ना दिएको छ। महासङ्घले बिहान १० देखि दिउँसो १ बजेसम्म महानगरपालिकाको मुख्य प्रवेशद्वारमा धर्ना दिएको हो।

शिक्षक र विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउनुपर्नेलगायत विभिन्न माग राखेर आन्दोलनरत महासङ्घको देशव्यापी विरोध कार्यक्रम अनुसार महानगरपालिकामा धर्ना दिइएको हो। सो अवसरमा महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादवले शिक्षकको मागलाई केन्द्र सरकारसम्म पुऱ्याउने जिम्मेवारी भूमिका स्थानीय सरकारले नखेलेको भन्दै असन्तुष्टि जाहेर गरे। धर्नापछिको विरोधसभामा वीरगंज मनपा शिक्षक महासङ्घका अध्यक्ष विनोद मेहताले विद्यालय कर्मचारीको सरकारले तोकेको १५ हजार तलबमध्ये स्थानीय सरकारले भुक्तानी दिनुपर्ने सात हजार रुपियाँ अन्योलमा परेको भन्दै सोको व्यवस्थापनबारे पालिकाले प्रस्ट पार्नुपर्ने बताए।

धर्नास्थलमा सहभागी महासङ्घका पदाधिकारीहरूको माग तथा धारणा सुनेपछि महानगरपालिकाका प्रशासकीय अधिकृत प्रदीपकुमार निरौलाले शिक्षकका जायज मागहरू यथाशीघ्र पूरा गराउन केन्द्र सरकार एवं सम्बन्धित निकायमा पहल गर्ने बताए। उनले महानगर मातहतका समस्या महानगरबाटै समाधान गर्नेतर्फ आफूहरू संवेदनशील रहेको बताए।

कार्यक्रममा महानगरका शिक्षा शाखा अधिकृत हरिराउत कुर्मी, नेपाल शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीपकुमार जैसवाल, नेपाल शिक्षक महासङ्घका केन्द्रीय सदस्य छोटेलालप्रसाद यादव, एकीकृत शिक्षक सङ्गठन पर्साका सचिव शुकनारायण श्रेष्ठलगायतको सहभागिता थियो।


बाढी तथा पानीको बहाव बढेको सुसूचित गराउन साइरन जडान, एसएमएस, एफएममा सूचना दिने जस्ता विकल्पहरू तयारी अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**आत्म–प्रतिष्ठा, आत्म–ज्ञान र आत्म–संयम यी तीनवटाबाट जीवनले शक्ति प्राप्त गर्छ ।**

**–टेनिसन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# असारमा विकास निर्माण

**बाह्र महीनाको एक आर्थिक वर्ष, आर्थिक वर्षको शुरूको महीना साउन अनि अन्तिम महीना चाहिं असार । तर विकास निर्माणको लागि आर्थिक वर्षको अन्तिम महीना असार नै किन कुरिन्छ ? मुलुकमा केन्द्र, प्रदेश वा स्थानीय सरकार, जसले बजेट विनियोजन गरे पनि अधिकांश योजना सम्पन्न हुन असार महीना लाग्नै पर्ने रोगले हाम्रो विकास निर्माणको क्षेत्रलाई गाँजेको छ । उपभोक्ता समिति होस् वा ठेकेदार तथा अमानतबाटै हुने काम किन नहोस, कुनै पनि क्षेत्र मुक्त छैन । विगतमा उपभोक्ताले गर्ने काम 'समयमैं गुणस्तरीय हुन्छ' भन्ने विश्वास थियो, अब त्यो रहेन । अब त उपभोक्ता समितिका सदस्यहरूले नै आफूलाई ठेकेदार ठान्ने हुँदा उनीहरूको पहिलो प्राथमिकता जसरी हुन्छ, जतिसक्दो धेरै नाफा आर्जन गर्नतर्फ लाग्छन् । ठेकेदार नै भएपनि समाज र मुलुकप्रतिको जिम्मेवारी निर्वाह गर्दै व्यावसायिक धर्म निभाइदिने हो भने समस्या हुने थिएन । यहाँ त पेशालाई भ्रष्टाचारको रेशाले जेलेर केवल बुख्याचा मात्रै बनाएको छ ।**

**कतिपय योजना बर्खा लागेपछि सम्पन्न गरिंदा उपभोक्तालाई सास्ती र ठेकेदारलाई मस्ती हुन्छ । सडकमा बाटो भर्ने, ग्रेभल गर्नेलगायतका काम बर्खामा गर्न प्रतिबन्ध लगाउनुपर्ने कामहरू हुन् । बर्खा लाग्न थालेपछि माटो भरिंदा सडक दलदलमा परिणत हुन्छ । त्यसले राम्रो बाटोलाई पनि बिगारिदिन्छ । ग्रामीण सडकहरूमा बर्खा लागेपछि साइकलसमेत चलाउन नमिल्ने मुख्य कारण यही हो । हिउँदयाममा नै सडकमा माटो भर्ने हो भने बर्खा लागुन्जेल माटो बसेर बाटो कडा हुनुका साथै किनारामा झारपात पलाउनेछ । यसो हुँदा हिलो नै भएपनि धेरै समस्या हुँदैन । बर्खामा कति माटो भरियो भन्ने ठम्याउन गाह्रो हुन्छ, जसरी पास गर्दा पनि भयो । कतिपय स्थानमा बाटोमा भरिएको माटो बर्खाको भेलले बगायो भन्न पनि मिल्यो । यसरी खान पल्केकाहरूले मुलुकलाई कङ्गाल त बनाएको छ नै सर्वसाधारणलाई सास्ती पनि दिंदैछन् । त्यसैगरी, सिमेन्ट प्रयोग गरिने निर्माण कार्य पनि बर्खामा गुणस्तरीय हुन सक्दैन । असार महीना, खेतीपाती, बर्खा तथा डुबान, कटानको समय भएकोले सर्वसाधारण उपभोक्ताको ध्यान योजना अनुगमनतर्फ जान सक्दैन । यसो हुँदा गुणस्तर छल्न निर्माणकर्तालाई सहज हुन्छ । गुणस्तरमा चित्त नबुझेर विवाद गर्दा समय गुज्रिएर काम हुँदैन कि भन्ने डर सर्वसाधारणमा हुन्छ । 'नहुनु मामाभन्दा कानो मामा नै ठीक' भनेर विरोधलाई निस्तेज गर्न सकिन्छ । ग्रामीण क्षेत्रका अधिकांश योजनामा उपभोक्ता समिति वा ठेकेदारले यही सूत्र प्रयोग गरिरहेका छन् ।**

**असार १० सम्म स्थानीय सरकारले आउँदो आर्थिक वर्षको बजेट विनियोजन गरिसकेको हुन्छ । प्रदेश र सङ्घ सरकारले यसअघि नै बजेट सार्वजनिक गर्छन् । साउन एक महीना कागजपत्र तयार गर्न र समिति गठन गर्न लगाए पनि चाहने हो भने भदौ महीनादेखि विकास निर्माण कार्य शुरू गर्न सकिन्छ । निर्माणका लागि कामभन्दा पहिले पेश्की दिने परम्पराको अन्त्य भइसकेको छ । उपभोक्ता हुन् वा ठेकेदार, पहिले आफूले लगानी गर्ने अनि पछि भुक्तानीको व्यवस्था प्राय: सबै ठाउँमा छ । उसो हो भने विलम्ब किन ? सम्बन्धित सरकार सञ्चालक र कार्यालयहरूले नै कमिशनको कारण समयमा समिति गठन वा टेन्डर गर्दैनन् । कार्यादेशलाई विलम्ब गर्ने र सम्पन्न भइसकेको कामको भुक्तानीमा समेत आलटाल गरेर पछि सार्ने हुँदा पनि धेरै योजना असारमा पसारो पर्ने गरेको छ ।**

# बुद्ध र अष्टावक्रबीच केही समानता

स्वान्तः सुखाय




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**बुद्ध र अष्टावक्र दुवैजना जन्मजात कुशाग्र बुद्धिका थिए । दुवैजनाले एक किसिमले घरमैं शिक्षार्जन गरेका थिए । दुवैजना शास्त्रार्थका बेजोड प्रतिभा थिए । शास्त्रमा लेखिएका कुरालाई जस्ताको त्यस्तै स्वीकार गर्नुभन्दा दुवैजनाले मौलिक तर्क र अर्थ लगाउने क्षमता राख्दथे ।**

समयक्रममा बुद्धभन्दा अष्टावक्र पहिलेका हुन् किनभने अष्टावक्रको सम्बन्ध राजा शिरध्वज (जनक)सित रहेको मानिन्छ, जुन शास्त्र अनुसार त्रेतायुगको समय हो र भगवान् बुद्धको समय चाहिं यसरी हेर्दा कलियुगको समय रहेको मानिन्छ । भगवान् विष्णुका दश प्रमुख अवतारमध्ये अहिलेसम्मको नवौं अवतार बुद्धावतारलाई हिन्दू शास्त्रहरूले स्वीकार गरेका छन् भने यिनै अवतारमध्येका एक रामावतारको समयमा शिरध्वज जनक थिए ।

युगको अन्तराल भएपनि र दुई पात्रबीच दैहिक वा यान्त्रिक भेटघाट नभए पनि कहिलेकाहीं वैचारिक समानता हुने गरेको छ । यस्तो विचार सम्पूर्णरूपले एकै हुनुपर्छ भन्ने होइन तर केही महत्त्वपूर्ण विचार मिल्न जानु पनि सयोग नै मान्नुपर्दछ ।

हुनत अष्टावक्र र बुद्धको पारिवारिक पृष्ठभूमि नितान्त फरक पृथक परिवेशका देखिन्छन् । अष्टावक्र ऋषिपुत्र थिए । उनका पिताको कहोड मुनि र माताको नाम सुजाता थियो । सुजाताका पिता उद्दालक ऋषि वेद–वेदाङ्गमा पारङ्गत थिए । उनले छोरी सुजाताको लागि यस्तै योग्य वर चाहेका थिए, जुन आफ्नै शिष्य कहोडमा पाएका थिए । कहोडको अनुशासनप्रियता, प्रत्युत्पन्न बुद्धि, वेद–वेदाङ्गमाथि शास्त्रार्थ गर्ने अद्भुत क्षमता तथा सेवाभावादिबाट प्रभावित थिए । यसैले आफ्नै शिष्य कहोडमुनिसित प्रसिद्ध ऋषि उद्दालकके आफ्नी रूपवती, गुणवती, सुशील तथा धर्मपरायण पुत्रीको विवाह गरिदिएका थिए । छोरी र ज्वाइँलाई आफ्नै आश्रममा राखेका ऋषि उद्दालकको आलोकबाट अष्टावक्र पनि आलोकित थिए ।

भगवान् बुद्धको बारेमा सबैलाई थाहा छ । कपिलवस्तुका महाराज शुद्धोधनका ज्येष्ठ सुपुत्र सिद्धार्थ गौतम युवराज घोषणा भइसकेपछि देवदह (देवधा ?) की राजाकी पुत्री यशोधरासित बिहे भएको थियो । सिद्धार्थ र यशोधराका एक पुत्र राहुल थिए । युवराज सिद्धार्थ मुख्यत: ज्ञानका तिर्खालु थिए । बाल्यकालमा कतिपयले उनलाई जिस्क्याएर सिद्धार्थ गौतम नभनी प्रश्न कुमार भन्ने गर्दथे रे । त्यस युगका प्रकाण्ड विद्वान्हरूबाट घरमैं शस्त्र, शास्त्र र राजनीति आदि सबै किसिमका शिक्षा अत्यन्त अल्प समयमा प्राप्त गरेका सिद्धार्थ गौतमका गुरुहरू दुई कुराबाट आश्चर्यचकित हुन्थे । पहिलो कुरो थियो, तुरुन्त सिक्ने । संस्कृतका कठिनभन्दा कठिन श्लोक एकपटक सुनेपछि कण्ठाग्र हुन्थ्यो र त्यसलाई मौलिक किसिमले अर्थ्याउन सक्थे सिद्धार्थ । दोस्रो थियो, शास्त्रसम्बद्ध अनौठा प्रश्न । सिद्धार्थ यस्ता प्रश्नहरू गर्दथे कि कतिपय अवस्थामा सामान्य मानिसको कल्पनाभन्दा बाहिरको हुन्थ्यो ।

अष्टावक्रको तुलना सिद्धार्थसित गर्न सकिंदैन । गर्नु पनि हुँदैन । सिद्धार्थ गौतम हिन्दू र बौद्ध धर्मावलम्बी दुवैका आराध्य देव हुन् । हिन्दूहरू सिद्धार्थ गौतमको जुन रूपलाई भगवान् बुद्ध वा विष्णुको अवतारको रूपमा पूजा गर्दछन्, त्यो रूपलाई सम्पूर्ण हिन्दू शास्त्रले मान्यता दिएको छ । अझ दर्जनौं देशमा भगवान् बुद्धलाई राष्ट्रदेव मानिएको छ । भगवान् बुद्धको पूजा परमेश्वरको रूपमा गरिन्छ । भगवान् बुद्धको समीपमा अष्टावक्रलाई राख्न खोजेको पनि होइन तर अष्टावक्रको केही विचार भगवान् बुद्धको विचारसित मेल खान्छ भन्न खोजिएको हो ।

अष्टावक्र पनि जनकको दरबारमा शास्त्रार्थ गर्ने सामर्थ्य राख्दथे । प्रत्युत्पन्न मतिका अष्टावक्र पनि शास्त्रहरूमाथि आँखा चिम्लेर विश्वास गर्दैनथे । अष्टावक्रले एकपटक भनेका थिए– शास्त्रका शब्दहरू केवल शब्द हुन्, अर्थ त ज्ञानले लगाउने हो । शब्दलाई ज्ञानको अर्थले जीवन दिनुपर्छ । र कुन अर्थमा कसरी तथा किन ती लेखिए, त्यति बेलाको सम्पूर्ण परिस्थिति नबुझी तत्काल आफ्नै मतिले अर्थ लगाउने हो भने धेरै फरक पर्न जान्छ । ती शब्द वा वाणीमाथि न्याय हुँदैन । शास्त्रलाई मान्नुको अर्थ यो होइन कि शास्त्रमाथि अन्याय गर्नुपर्छ । शास्त्रको वचनलाई जथाभावी अर्थ लगाउनु भनेको शास्त्रलाई मान्नुभन्दा शास्त्रमाथि अन्याय गर्नु हो । यस कारण शास्त्रको वचनलाई कसैले कसरी अर्थ्याउँछन् र त्यही अर्थमा मान्न लगाउँछन्, त्यसलाई म अस्वीकार गर्दछु ।

गृहत्याग गर्नुअघि सिद्धार्थ गौतम पनि धेरै शास्त्रीय मतप्रति सहमति जनाउँदैनथे । जातपात र छुवाछूतप्रति घोर असहमति जनाउँथे । धर्मप्रति अत्यन्त श्रद्धाभाव राख्दथे, पूजामा पनि सहभागी हुन्थे तर बलिप्रथाको भने घोर विरोध गर्दथे । कुनै पनि चराको पनि हत्या उनी मन पराउँदैनथे । सिद्धार्थको सम्बन्धमा एउटा प्रसङ्ग रहेको छ । आफ्ना काकाका छोरा देवदत्त र अन्य साथीहरूसित बगैंचामा खेल्न निस्केका बालक सिद्धार्थको अगाडि एउटा हाँस खस्यो, हाँस घाइते थियो । बोल्ने प्रयास गर्दै हाँस मुख बाइरहेको थियो । नजीकैबाट पानी ल्याएर सिद्धार्थले हाँसलाई पानी खुवायो अनि आफूसँगै लिएर आएर उपचार गऱ्यो । सिद्धार्थले आफ्नो आखेट लगेको देवदत्तलाई लागेको थियो । देवदत्तले सिद्धार्थसित आखेट माग्यो । सिद्धार्थले घाइते हाँस देवदत्तलाई दिन मानेनन् । त्यत्तिखेर न्यायसभा चलिरहेको थियो । देवदत्त सीधैं न्यायसभामा पुगेर आफ्नो तर्क राखे– "मेरो आखेटमाथि सिद्धार्थले बलजफ्ती अधिकार गरेको छ । मैले माग्दा पनि दिएनन् । म उनको दाजु हुँ । मेरो आदेशलाई पनि मानेनन् ।"

न्यायसभामा सिद्धार्थको तर्क रह्यो– "यो हाँस घाइते अवस्थामा मेरोअगाडि खस्यो, आकाशबाट । मैले पानी दिएँ । यसलाई लिएर मेरो आफ्नो कक्षमा आएँ र औषधि दिएको छु । यसलाई मैले मारेको होइन, मैले बचाएको हुँ । मलाई के लाग्छ भने कुनै जीवमाथि मार्नेभन्दा बचाउनेको अधिकार हुनुपर्छ ।"

न्यायसभा स्तब्ध भयो । आखेटमाथिको दाबी पनि उचित थियो र मार्नेभन्दा बचाउने ठूलो हुने तर्क पनि शास्त्र र न्यायसम्मत थियो । उपाय के निकालियो भने हाँसमाथि नै यो निर्णय छोड्नुपर्छ । हाँसलाई स्वतन्त्र छोडौं र जुन राजकुमारतिर हाँस जान्छ, उसैको अधिकार कायम हुन्छ । हाँस सिद्धार्थतिर गयो र सिद्धार्थ गौतमले उपचार गराएर निको भएपछि उडाइदिए ।

बुद्ध र अष्टावक्र दुवैजना जन्मजात कुशाग्र बुद्धिका थिए । दुवैजनाले एक किसिमले घरमैं शिक्षार्जन गरेका थिए । दुवैजना शास्त्रार्थका बेजोड प्रतिभा थिए । शास्त्रमा लेखिएका कुरालाई जस्ताको त्यस्तै स्वीकार गर्नुभन्दा दुवैजनाले मौलिक तर्क र अर्थ लगाउने क्षमता राख्दथे । आफ्नो व्याख्याले अगाडिका सबैलाई निरुत्तर बनाउँथे । कालान्तरमा अष्टावक्र शास्त्रार्थका कारण आफ्नो क्षेत्रका ज्ञानका प्रकाशवान् दीपक बन्न पुगे भने कालान्तरमा सिद्धार्थ गौतम भगवान् बुद्ध बन्न पुगे । उसो त सिद्धार्थ गौतमको जीवनी जन्मेदेखि नै चामत्कारिक देखिन्छ ।

भनिन्छ, सिद्धार्थ गौतम जन्मनासाथ सात पाइला हिंडेका थिए र सात पाइला टेकेको ठाउँमा सप्तदल कमल फुलेको थियो । सिद्धार्थको बाल्यकाल सुखमय बितेको थियो भने अष्टावक्रको बाल्यकाल पनि सुखमय बितेको थियो । के भनिन्छ भने अष्टावक्र जन्मिनुपूर्व नै शास्त्रार्थ गर्ने क्षमता राख्दथे । बाल्यकालमा नै एक दिन अचानक शिरध्वजको शास्त्रार्थसभामा पुगेका थिए, बालक अष्टावक्र । अष्टावक्रको शरीरलाई देखेर शास्त्रार्थसभामा उपस्थित सबैको हाँसो छुटेको थियो र बालक अष्टावक्रले शास्त्रार्थसभाका सहभागीलाई चर्मकार (छालाको बेपारी वा छालाको काम गर्ने) भनी सम्बोधन गरेका थिए । बालकको यस्तो धृष्टताप्रति शास्त्रार्थसभा आक्रोशित भएको थियो र शिरध्वजले बालकलाई धृष्टताको कारण सोध्दा उनले बताएका थिए– मेरो गुणलाई नदेखेर मेरो हाड र छालाको शरीरलाई देखेर चिन्नेहरूको पेशा के हुनुपर्छ ? ज्ञानको कर्म गर्नेले ज्ञानलाई हेर्छ र हाडछालाको कर्म गर्नेले हाडछालालाई । बलजफ्ती शास्त्रार्थसभामा छिरेर शरीर र बुद्धि दुवैले आफूतिर सबैको ध्यानाकृष्ट गर्न पुगेका बालक अष्टावक्र कालान्तरमा आफ्नो विद्वताले सुपूजित बन्न पुगेका थिए । हिन्दू शास्त्रहरूमा जहाँ विद्वान्, ज्ञानी र पण्डितहरूको चर्चा चल्दछ, त्यहाँ अष्टावक्रको पनि प्रसङ्ग आउँछ ।

भगवान् बुद्धका उपदेशहरू मुख्यत: त्रिपिटकलगायतका ग्रन्थहरूमा समेटिएका छन् । अष्टावक्रको ज्ञान समेटिएको कृति हो, अष्टावक्र महागीता । यो कृति पनि आफ्नो युगको ज्ञानको प्रकाश नै हो ।

महात्मा गौतम बुद्धलाई एशियाको तारा भनिन्छ । एशियाबाहिर पनि भगवान्को रूपमा बुद्धको पूजा हुन्छ । आफ्नो युगमा भौतिकवादी विचारधाराका कहलिएका बुद्धका अध्यात्म दर्शन पनि बेजोडको रहेको छ । आफूलाई नै ज्ञानी हुनुपर्ने 'अप्पो दीपो भव' भन्ने दृष्टिकोण बुद्धमा जति स्पष्ट पाइन्छ, यसको केही भाव अष्टावक्र महागीतामा पनि पाइन्छ ।

इतिहासमा महापुरुष र धर्ममा भगवान् भनेर पूजित सिद्धार्थ गौतमका उपदेश अर्थात् सन्देशहरू साँच्चै मानव मनलाई शान्ति दिने अमूल्य सम्पदा हुन् । हरेक मानवले बुद्ध र तिनको जीवनलाई बुझ्नुपर्छ, आफूलाई र आफ्नो ज्ञानलाई बुझ्न ।

# नमूना बन्दै चिहानडाँडा वन

महोत्तरी, १८ असार/रासस

वनक्षेत्र पस्नासाथ थरीथरीका पक्षीको चिरबिर स्वर, मयुर जोडीको नाच । सघन वृक्ष र लताकुञ्ज । महोत्तरीको बर्दिबास नगरपालिका–१ स्थित चिहानडाँडा सामुदायिक वनक्षेत्र पसेपछि जोसुकैको मन मोहित हुने गर्दछ । एक दशकअघि नाङ्गो डाँडा र पाखाको यो वनक्षेत्र समुदायको निरन्तरको सकारात्मक प्रयत्नले अहिले सघन छायादार र हरित क्षेत्रमा परिणत भएको हो ।

सङ्कल्प गरेर काममा लागेपछि सकारात्मक परिणाम पाइन्छ भन्ने उदाहरण चिहानडाँडा वन भएको छ । चारैतिर वन उजाडिंदा पानीका मुहान सुकेका खोल्सीमा पछिल्ला दुई/तीन वर्षयता कञ्चन पानी बग्न थालेको छ । वनक्षेत्रमा वन्यजन्तु र पक्षीको आहार व्यवस्थापनका लागि जङ्गली फलफूल जामुन, अमला, अम्बा, महुवा र फडिर रोपेर हुर्काइएको छ । बर्दिबास मुख्यचोकबाट ५०० मिटर मात्र उत्तरतर्फको ४४ हेक्टर क्षेत्रफलको यो वनमा बर्सेनि फलफूल रोपण बढाइँदै लगिएको चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष घनश्याम न्यौपाने बताउँछन् । यो सामुदायिक वनका बर्दिबास–१ का ४७० उपभोक्ता सदस्य छन् ।

"केही वर्ष पहिले रोपिएका कतिपय फलफूल फल्न लागेका छन्, गत वर्ष मात्रै हामीले रोपेका एक हजार बिरुवा जोगिएर हुर्केका छन्," समितिका अध्यक्ष घनश्याम न्यौपाने भन्छन्, "यसपालि पनि हामी तीन हजार बिरुवा रोपणको तयारीमा छौं ।" मानव प्रवेश निषेध गरेपछि बाह्य अतिक्रमण रोकिए पनि डढेलोको चपेटाले भने दु:ख दिने गरेको न्यौपानेको भनाइ छ । गत वर्ष रोपिएका एक हजार ५०० बिरुवामध्ये ५०० डढेलोको चपेटामा परेको न्यौपानेले बताए ।

खोल्सी वरपर र भिरालो पाखामा चाँडै वंश वृद्धि गर्ने र माटो भास्सिन नदिने प्रजातिका बाँस लगाइएका छन् । समतल र डाँडामा फलफूल रोपिएका छन् । वनक्षेत्रका खोल्सी बाँधेर व्यवस्थित गरिएपछि बर्खे भेल उर्लेर बस्ती पस्ने अवस्था अन्त्य भएको वनसँगै जोडिएको बस्तीका डोलबहादुर भुजेल बताउँछन् ।

वन फैलँदै गएपछि आहार भेट्टाउन थालेका बाँदर अब बस्ती पस्न छाडेको भुजेलको भनाइ छ । "वनमा खानेकुरा नभेट्दा बाँदर बस्ती पसिरहेका थिए," वनक्षेत्रकै उपभोक्ता कृष्णप्रसाद गौतम भन्छन्, "अब बाँदर घरघरै पसेर उत्पात मच्चाउन छाडेका छन् ।" नजीकैको वन हराभरा भएपछि बर्दिबास मुख्यचोकको सौन्दर्य झन् खुलेको बर्दिबासवासी बताउँछन् । "चोकका अग्ला घरको छतबाट माथितिर फर्कंदा हराभरा देखिन्छ," बर्दिबास–१ का बासिन्दा बर्दिबास उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुरेश राउत भन्छन्, "दर्बिलो संरक्षणले वन हुर्केको हो ।"

आफ्ना होटलका पाहुना नजीकै सघन वनक्षेत्र देखेर अवलोकनमैं जाने गरेका र त्यहाँ मयुर जोडीको नाच र रङ्गबिरङ्गी चराको चिरबिर हेरेर रमाउने गरेका बर्दिबास–१ स्थित होटल विनायकका सञ्चालक विष्णु खड्का बताउँछन् । नजीकको सघन वनक्षेत्रको मनमोहक परिवेशले पाहुनाले एक दिन भएपनि डुल्ने मनसायबाट बसाइ लम्ब्याउने गरेको बर्दिबासका होटल सञ्चालकहरू बताउँछन् ।

वन समितिले वन सुरक्षाका लागि एकजना वन हेरालु नै नियुक्त गरेको छ । जिल्लाका अन्य भेगका वनक्षेत्र जताततै अतिक्रमणको चपेटामा परे पनि आफ्नो वन भने सुरक्षित रहेको अध्यक्ष न्यौपानेको दाबी छ । "हामीले वनलाई मानव प्रवेश निषेध बनाएका छौं," न्यौपाने भन्छन्, "प्रत्येक वर्ष हिउँदमा बास भने उपभोक्तालाई उपलब्ध गराउँछौं ।" बाँसको झाङ् निकै बढेपछि नयाँ तामा नफस्टाउने र अन्य वनस्पति पनि बाँसको छायामा नबढ्ने भएको हुँदा बर्सेनि केही बाँस काटेर उपभोक्तालाई दिने गरिएको समितिले स्पष्ट पारेको छ ।

सुरक्षा प्रबन्ध राम्रो भएपछि वन क्षेत्र सघन र मनोरम बन्दै गएको नगरवासी बताउँछन् । एक दशकअघि नाङ्गोडाँडा भनेर चिनिने यो वनक्षेत्रमा

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# विश्वका एक चौथाइ जनसङ्ख्यालाई अझै पनि सफा पानीको अभाव

जेनेभा, १८ असार/सिन्ह्वा

विश्वका झन्डै एक चौथाइ जनसङ्ख्यालाई अझै पनि सफा पानीको अभाव रहेको पाइएको छ।

गत वर्ष सन् २०२० मा गरेको अध्ययनले विश्वका हरेक चारमध्ये एकजनालाई शुद्ध र सफा खानेपानीको अभाव रहेको देखाएको हो।

विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले बिहीवार सार्वजनिक गरेको विवरणमा खानेपानीको अभावको अवस्था नराम्रो देखिएको उल्लेख छ।

सफा पानीको उपभोग गर्न नपाएकाहरूलाई विभिन्न प्रकारका रोगको समस्या हुन सक्ने भएकाले त्यसलाई न्यूनीकरण गर्नुपर्नेमा दुवै निकायका अधिकारीहरूले जोड दिएका छन्।

उनीहरूले कोरोना भाइरसको महामारीको असर पनि सफा पानी खान नपाउनेहरूलाई बढी पर्ने भन्दै चिन्ता व्यक्त गरेका छन्।

कोरोनाबाट बच्नका लागि सफा पानी र साबुनले हात धुन अनिवार्य रहेकाले पनि सफा पानीको अभावमा कोरोना भाइरसबाट बचन गाऱ्हो हुने अधिकारीहरूले उल्लेख गरेका छन्।



एक तथ्याङ्क अनुसार विश्वका हरेक दशमध्ये तीनजनाले साबुन पानीले पर्याप्त हात धुन नपाएको देखिएको छ।

"कोरोना भाइरसबाट जोगिनका लागि हात धुने कार्य अति महत्त्वपूर्ण कार्य हो, यो नै अति धेरै प्रभावकारी उपाय हो, त्यसैगरी अन्य धेरै रोगबाट जोगिन पनि सफा पानीले हात धुनुपर्दछ, त्यसैले आम मानिसलाई रोगबाट बचाउन सफा पानीको आवश्यकता पर्दछ," विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस अदानोम घेब्रेयसले भने।

त्यसैगरी, युनिसेफका कार्यकारी निर्देशक हेनरैत्ता फोरले पनि विश्वका लाखौं बालबालिका सफा पानी उपभोग गर्न वञ्चित हुनु दुःखद भएको बताए।

तर पहिलाको भन्दा अहिले सफा पानीको प्रयोग गर्न पाउनेहरूको सङ्ख्यामा भने वृद्धि भएको उनले जानकारी दिए। सन् २०१६ देखि सन् २०२० सम्ममा सफा पानीको प्रयोग गर्न पाउनेको सङ्ख्यामा चार प्रतिशतले वृद्धि भएको उल्लेख गरे।

उनका अनुसार सन् २०१६ मा विश्वका ७० प्रतिशतले मात्रै सफा पानी प्रयोग गर्न पाएको तथ्याङ्क सार्वजनिक भएको थियो। रासस

# बघराम हवाई मैदान २० वर्षपछि अफगानिस्तानलाई हस्तान्तरण

काबुल, १८ असार/एपी

अमेरिकी सेनाले प्रयोग गरिरहेको बघराम हवाई मैदान झन्डै २० वर्षपछि अफगानिस्तान सरकारलाई हस्तान्तरण गरिएको छ।

सन् २००१ मा अमेरिकामा आतङ्कवादी हमला भएपछि अफगानिस्तानको तालिबान सरकार ढाल्न एवं आतङ्कवादी सङ्गठन अलकायदाको संरचना ध्वस्त बनाउन अमेरिकाले बघराम विमानस्थलको प्रयोग गरेको थियो।

दुई अमेरिकी सैनिक अधिकारीले उक्त विमानस्थल अफगानिस्तानको सेनालाई हस्तान्तरण गरिएको बताएका छन्।

बघराम हवाई मैदान हस्तान्तरण गरेसँगै अफगानिस्तानबाट अमेरिकी सेना अब पूर्णरूपले स्वदेश फर्कन्छ भन्ने आभास भएको छ। हवाई मैदान नै हस्तान्तरण गरेकाले अफगानिस्तानमा पछिल्लो समय तैनाथ २५०० देखि ३००० अमेरिकी सेनाले पनि अफगानिस्तान छाडिसकेको अनुमान गरिएको छ।

राष्ट्रपति जो बाइडेनले आगामी सेप्टेम्बर ११ अघि नै अफगानिस्तानमा तैनाथ अमेरिकी सेना फिर्ता भइसक्ने बताए पनि त्योभन्दा अघि नै अमेरिकी सेना फिर्ता भएका छन्।

साथै नेटो आबद्ध झन्डै सात हजार सैनिक पनि यही जुलाई ४ भित्रै स्वदेश फर्काउने गरी तयारी भइरहेको छ।

अधिकांश नेटो सैनिक यसै साता विनाकुनै घोषणाका साथ अफगानिस्तान छाड्दैछन्। एपीको विश्लेषणमा धेरैजसो युरोपेली मुलुकका सैनिकले साना समारोह गरी अफगानिस्तान छाडिसकेको देखिएको छ।

संयुक्त राज्य अमेरिकाले सुरक्षाको कारण देखाउँदै अन्तिम अमेरिकी सैनिक कहिले फिर्ता भइसक्छन् भनेर केही बताएको छैन। काबुलस्थित हमिद कारजायी अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षाका कारण पनि अमेरिकाले अन्तिम सैनिकको बिदाइको घोषणा नगरेको हो। टर्किश र अमेरिकी सेनाले यस विमानस्थलको सुरक्षा गरिरहेका छन्।

अमेरिकाले राजधानी काबुलस्थित अमेरिकी राजदूतावासको सुरक्षाका लागि ६०० जना सैनिक राख्ने बताएको छ।

एकपटक सन् २०१२ मा बघराम हवाई मैदानमा एक लाखभन्दा बढी सैनिकको उपस्थिति थियो। राजधानी काबुलबाट करीब एक घण्टाको मोटर यात्राबाट बघराम पुग्न सकिन्छ।

यो दोस्रोपटक हो, अफगानिस्तानमा हस्तक्षेप गर्न एवं स्वदेश फिर्ता हुन बघरामको प्रयोग भएको छ।

सन् १९५० को दशकमा तत्कालीन सोभियत युनियनले यो सैनिक विमानस्थल बनाएको थियो। सन् १९७९ मा अफगानिस्तानमा आक्रमण गर्दा रूसले यही विमानस्थलको प्रयोग गरेको थियो।

सन् २००१ मा अमेरिकी र नेटो फौजले पनि यही विमानस्थललाई प्रयोगमा ल्याएका थिए। यो विशाल हवाई मैदानमा दुईवटा रनवे छन्। पछिल्लोपटक बनाइएको रनवे १२ हजार फीट लामो छ र यो सन् २००६ मा ९ करोड ६० लाख डलरमा बनाइएको हो।

बघराम हवाई अखडा अमेरिकी र नेटो फौजले परित्याग गरेको बारेमा अफगान सरकारले पनि केही बताएको छैन। रासस

# लेबनानका ३० प्रतिशत बालबालिका खाद्य अभावको चपेटामा

बेरुत, १८ असार/सिन्ह्वा

लेबनानका ३० प्रतिशतभन्दा बढी बालबालिकालाई खाद्य अभावको समस्या रहेको पाइएको छ। संयुक्त राष्ट्रसङ्घ बालकोष (युनिसेफ)ले बिहीवार सार्वजनिक गरेको तथ्याङ्कमा अघिल्लो महीना ३० प्रतिशतभन्दा बढी बालबालिकालाई खाद्य अभाव रहेको उल्लेख छ। "खाद्य अभावको समस्यामा कमी आएको पाइएको छैन, खाद्य अभावको समस्या नराम्रो अवस्थामा छ, यसले बालबालिकाको स्वास्थ्य, शिक्षा र अन्य विकासमा समेत समस्या उत्पन्न गराएको छ," लेबनानका लागि युनिसेफका प्रतिनिधि युकेइ मोकौले भने।

"लेबनानका दशमध्ये एक बालबालिका काममा जाने गरेको पनि पाइएको छ। कुल ४० प्रतिशत बालबालिकाको परिवारजनको रोजगार छैन। तीमध्ये ७७ प्रतिशत परिवारले कुनै पनि सामाजिक तथा सरकारी सेवा सुविधा तथा राहत पाएका छैनन्," युनिसेफको प्रतिवेदनमा उल्लेख छ।

लेबनानको कुल १५ प्रतिशत परिवारले बालबालिकाको पढाइ रोकिदिएको पनि प्रतिवेदनमा उल्लेख छ। रासस

---

**नमूना.........**

अहिले मयुर र अन्य चराचुरुङ्गी ह्वात्तै बढेका छन्। "घरनजीकैको पाखामा मयुरका जोडी नाचेका देखिन्छन्, थरीथरीका रङ्गीचङ्गी चरा फुरफुर गर्दै उडेका देखिन्छन्," वननजीकैको बस्तीकी गृहिणी राधा गौतम भन्छिन्, "पछिल्ला केही वर्षयता वन सुरक्षाका सकारात्मक प्रयत्नले वनक्षेत्र हराभरा भएको हो।"

समितिको सकारात्मक प्रयत्नले प्रदेश-२ सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पनि साथ पाएको छ।

मन्त्रालयले गल्छी र पहिरो नियन्त्रणका उपाय अवलम्बन गर्न सहयोग गरिरहेको समितिले जनाएको छ। गत वर्ष मात्रै प्रदेश सरकारले उपलब्ध गराएको २४ लाख ९५ हजार रकमले वनक्षेत्रका तीनवटा खोल्सीमा चेकड्याम (छहरा बाँध) र एउटा पोखरी निर्माण भएको वन समितिकै उपभोक्ता बर्दिवास-१ का अध्यक्ष चुडामणि पोखरेल बताउँछन्।

"यो वनक्षेत्रभित्र पानी खोल्सी, साँपमारा र पाटा (बलवनी)समेत तीनवटा मुख्य खोल्सी छन्," वडाध्यक्ष पोखरेलले भने, "यी खोल्सीमा सघन बाँस रोपण, मानव प्रवेश निषेध र छहरा बाँध बनेपछि पहिरो लडेर गेग्रान (बालुढुङ्गा) बस्ती पस्न कम भएको छ।" गत वर्ष र यसपालि धेरै पानी परेको बर्खामा यसअघिका वर्षहरू जस्तो गेग्रान पसेर घर नलडाएको पोखरेल बताउँछन्। बरु यसपालि त सबै खोल्सीमा एक दशकपछि कञ्चन पानी बगिरहेको देख्दा मन प्रफुल्लित हुने गरेको पोखरेलसहितका बर्दिवास-१ का बासिन्दा बताउँछन्।

चिहानडाँडा वन उपभोक्ता समितिले वनक्षेत्रको सुरक्षा र संवर्द्धनमा नमूना काम गरिरहेको डिभिजन वन कार्यालय महोत्तरीको पनि मूल्याङ्कन छ। "चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिले वन संरक्षण र संवर्द्धनमा राम्रो चासो बढाएको छ," डिभिजन प्रमुख विनोदकुमार सिंहले भने, "हामीले यी सकारात्मक चासोमा सहयोग बढाएका छौं।" समितिले सुरक्षाको प्रत्याभूति दिन थालेपछि कार्यालयले नयाँ बिरुवा रोपणका लागि माग अनुसार बिरुवा दिंदै आएको सिंह बताउँछन्।

जिल्लामा ७० वटा सामुदायिक वन छन्। ठाउँठाउँका वन अतिक्रमणको चपेटामा परे पनि चिहानडाँडा वन समितिको सक्रियताले यस्तो समस्या नसुनिएको डिभिजन वन कार्यालय महोत्तरीले जनाएको छ। सबै सामुदायिक वन समितिले वनक्षेत्रको संरक्षण र संवर्द्धनमा चासो बढाए महोत्तरीको वन मुलुककै सकारात्मक उदाहरणमा उभ्याइने बन्ने वनविज्ञ बताउँछन्।

# कृषिमा परनिर्भरता बढ्दै

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आयातदर प्रतिस्थापन गर्न राज्यले बजार, प्रतिफलमा अनुदान, मल, बीउ, ढुवानी, कोल्ड स्टोर, औजारमा अनुदान दिनुपर्छ। अनि जुन वस्तु बढी परिमाणमा आयात हुन्छ, त्यसको उत्पादनमा बढी जोड दिनुपर्छ। अनि मात्र कृषिजन्य वस्तुको आयात प्रतिस्थापन भएर आत्मनिर्भर कृषि क्षेत्रको विकास हुन सक्छ।**

कुनै बेला धानचामल निकासी गर्ने नेपाल पछिल्लो समय आयातमा निर्भर रहनुपरेको छ। छाक टार्न नभइ नहुने कृषिजन्य वस्तु आयात गर्नुपर्ने बाध्यता त्यत्तिकै उब्जेको होइन। कृषिमा व्यवसायीकरण र विविधीकरणको अभाव, कृषि सामग्रीको उचित बन्दोबस्त, वास्तविक किसानसँग जमीन अभाव र कृषि कर्म गर्ने जनशक्तिको अभावका कारण परनिर्भरता बढेको देखिन्छ। कृषिप्रधान देश नेपालमा कृषिजन्य वस्तुको आयात झन्झन् बढ्दै गइरहेको छ। बढ्दो खपतसँगै उत्पादन वृद्धि नभएपछि तरकारी, फलफूल, माछामासु, खाद्यान्नलगायत कृषिजन्य वस्तुमा नेपालको विदेशप्रति परनिर्भरता बढ्दै गएको हो।

चालू आर्थिक वर्षको पछिल्लो ११ महीनामा नेपालले कुल २ खर्ब ९१ अर्ब ८३ रुपियाँ बराबरको कृषिजन्य वस्तु आयात गरेको छ। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.४७ प्रतिशत अर्थात् ६९ अर्ब ८६ करोड बढी हो। गत आर्थिक वर्षको पहिलो ११ महीनामा नेपालले कुल २ खर्ब २१ अर्ब ९७ करोड रुपियाँ बराबरको कृषिजन्य वस्तु आयात गरेको भन्सार विभागले जनाएको छ। नेपालले सबैभन्दा बढी खाद्यान्न, वनस्पति तथा जनावरको बोसो तथा तेल र तरकारी आयात गरेको छ। त्यस्तै फलफूल, तेलहन तथा बीउबिजन, चिनी र यसका उत्पादन, चिया तथा कफीलगायत कृषि वस्तुको आयात पनि ठूलो परिमाणमा भएको भन्सार विभागले जनाएको छ। खपतको अनुपातमा उत्पादन बढ्न नसकेको कारण कृषिजन्य वस्तुको आयात उच्च हुन पुगेको छ। कृषिलाई आधुनिक तथा व्यावसायिक बनाएर उत्पादन बढाउँदै लगे मात्र कृषिजन्य वस्तुमा परनिर्भरता घटाउन सकिन्छ।

**कृषि वस्तुमा व्यापार घाटा २ खर्ब पुग्यो**

उपभोगको तुलनामा उत्पादन वृद्धि नहुँदा कृषि वस्तुको आयात बढ्दै गएको छ। नेपालबाट हुने कृषिजन्य वस्तुको निर्यात दोब्बर बढे पनि यस्ता वस्तुको अन्तर्राष्ट्रिय व्यापारमा नेपालको घाटा झन् बढेको छ। चालू आवको पहिलो ११ महीनामा नेपालले ७० अर्ब ७१ करोडको कृषिजन्य वस्तु निर्यात गरेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो २७ अर्ब ७१ करोड रुपियाँ बढी हो। यद्यपि नेपाललाई कृषिजन्य वस्तुको व्यापारमा २ खर्ब २१ अर्ब ६५ करोड रुपियाँ घाटा भएको छ।

**आयात निर्यात भएका कृषिजन्य वस्तु र तिनको मूल्य :-**

**जिडिपीमा कृषि क्षेत्रको योगदान घट्दै**

देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा सबैभन्दा धेरै योगदान गर्ने कृषि क्षेत्र पछिल्ला वर्षमा खुम्चिंदै गएको छ। अर्थ मन्त्रालयका अनुसार यो वर्ष जिडिपीमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत मात्रै रहने अनुमान गरिएको छ। जुन हालसम्मकै सबैभन्दा न्यून हो। आव २०६८-६९ को जिडिपीमा कृषिको योगदान सबैभन्दा बढी ३२.७ प्रतिशत थियो। जिडिपीमा एकतिहाई योगदान गर्दै आएको कृषि क्षेत्र निरन्तर ओरालो लागेर एकचौथाईमा झरेपछि यस क्षेत्रका सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन्। कृषि क्षेत्रको समग्र वृद्धिदरसमेत ओरालो लाग्दै आएको छ। आठ वर्ष अघि ५.६ प्रतिशतसम्म वृद्धिदर हासिल गरेको कृषि क्षेत्रमा गत वर्ष २.६ प्रतिशत मात्र वृद्धिदर हासिल भएको छ।

त्यस्तै कृषिमा आश्रित परिवारको सङ्ख्यासमेत घट्दै गएको छ। सन् २००८ मा गरिएको श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या ७३.९ प्रतिशत थियो। सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षणले ६०.४ प्रतिशत जनसङ्ख्या मात्रै कृषिमा आश्रित रहेको देखाएको छ। कृषिमा विकर्षण बढ्दै गएकोले उत्पादनमा समेत असर परेको हो। राज्यले एकातर्फ कृषिजन्य वस्तुमा आधारित उद्योग सञ्चालनमा प्रोत्साहनको नीति लिएको छ भने अर्कोतर्फ कृषिजन्य उद्योगलाई आवश्यक पर्ने कृषिजन्य कच्चा पदार्थ पनि भारतलगायत तेस्रो मुलुकबाट आयात गर्नुपर्छ। दाना उद्योग, तेल उद्योग, चकलेट उद्योग, बिस्कुट उद्योगलगायतले बाहिरी मुलुकबाट कच्चा पदार्थ आयात गर्नुपर्ने बाध्यता छ। यसरी बाहिरबाट कच्चा पदार्थ ल्याउँदा लागत मूल्य अत्यधिक भएर स्वदेशी उत्पादनले बाहिरबाट आएको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकी धराशायी हुने अवस्था छ।

लागत मूल्य नपाउँदा किसान खेती-किसानी पेशाबाट विमुख हुँदै गएका छन्। श्रमशक्तिको अभावमा सयौं हेक्टर खेतीयोग्य जग्गा बाँझै छ। सिंचाइको अवस्था त्यस्तै छ। नेपालको कुल धानखेती हुने क्षेत्रफल १५ लाख हेक्टरमध्ये करीब २५ प्रतिशतमा मात्रै बाऱ्है महीना सिंचाइ सुविधा उपलब्ध छ। यसमा पनि जहाँ खेतीयोग्य जमीन छ, त्यहाँ सिंचाइ सुविधा उपलब्ध छैन। किसान लक्षित कार्यक्रम नहुँदा यस्तो समस्या भएको कृषि विज्ञहरू बताउँछन्। किसानका नाममा विभिन्न कार्यक्रम आए पनि बिचौलियाकै रजाइँ छ। कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि सरकारले ल्याएको अनुदानका कार्यक्रम बिचौलियाका लागि वरदान साबित भएको छ। बिचौलियालाई कमिशनको भरमा अनुदान दिने गरिन्छ। आयात प्रतिस्थापन गर्ने हो भने किसानले मसिनो र सुगन्धित धान लगाउनुपर्छ। खाद्य सुरक्षा र सबैलाई पुग्नेगरी उत्पादन गर्ने हो भने धेरै फल्ने जात लगाउनुपर्छ। डुबानदेखि सुक्खा क्षेत्रसम्म मज्जाले फल्ने धानका सयौं जात हुन्छन्, तिनको विकास गर्नुपर्छ र किसानको बजारसम्म सोझो पहुँच हुनुपर्छ।

हुनत सरकारले धान उत्पादन वृद्धि गर्न र किसानलाई आकर्षित गर्न बर्सेनि न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै आएको छ। तर त्यो प्रभावकारी हुन सकेको छैन। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वाणिज्य बैंकहरूले २० प्रतिशतसम्म कृषि क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरेको छ। तर त्यो पनि प्रभावकारी हुन सकेन। सामान्य किसानले आज पनि बैंकबाट सहुलियत ऋण पाउन सक्दैन। कृषिजन्य वस्तुको बीमाको अवस्था त्यस्तै नाजुक छ।

त्यसैले कृषिलाई निर्वाहमुखीबाट व्यावसायिकमा रूपान्तरण गर्नु अहिलेको आवश्यकता हो। यसका लागि जमीन बाँझो नराख्ने नीति कडाइका साथ कार्यान्वयन गर्नु पहिलो शर्त हो। त्यसपछि बीउबिजनको सहज आपूर्ति, उत्पादित कृषि उपजको बजार पहुँच, रासायनिक मलमा अनुदान, सिंचाइयोग्य भूमिमा बाह्रै महीना पानी पुग्ने व्यवस्था, पढेलेखेका युवालाई कृषिमा आकर्षित गर्न विशेष नीतिलगायत सुधार आवश्यक छ। आयात दर प्रतिस्थापन गर्न राज्यले बजार, प्रतिफलमा अनुदान, मल, बीउ, ढुवानी, कोल्ड स्टोर, औजारमा अनुदान दिनुपर्छ। अनि जुन वस्तु बढी परिमाणमा आयात हुन्छ, त्यसको उत्पादनमा बढी जोड दिनुपर्छ। अनि मात्र कृषिजन्य वस्तुको आयात प्रतिस्थापन भएर आत्मनिर्भर कृषि क्षेत्रको विकास हुन सक्छ।

| कृषिजन्य वस्तु | आयात | निर्यात (रु) |
|---|---|---|
| खाद्यान्न | ७४,६७ करोड | २५ लाख |
| वनस्पति, जनावरको बोसो, तेल | ७१,६५ करोड | ४४,३१ करोड |
| तेलहन वस्तु (बीउलगायत) | १८,३७ करोड | १,६२ करोड |
| तरकारी | ३४,३२ करोड | ६१ करोड |
| फलफूल | १८,८० करोड | २ करोड |
| चिनी तथा चिनीजन्य वस्तु | ११,५७ करोड | १ करोड |
| कफी र चिया | ८,७४ करोड | ११,९ करोड |
| जिउँदो पशुपक्षी, माछामासु | ३,८ करोड | ६ करोड |
| दुग्धजन्य पदार्थ | १,८२ करोड | ७ करोड |
| मिलका उत्पादन | १,७६ करोड | ५ करोड |
| प्रशोधित खाद्य वस्तु | ७,५७ करोड | १,८९ करोड |
| प्रशोधित तरकारी तथा फलफूल | १,५८ करोड | ३,८४ करोड |
| अन्य प्रशोधित खानेकुरा | ९,६८ करोड | २९ करोड |
| सुर्ती र सुर्तीजन्य वस्तु | २,७० करोड | ८ करोड |
| खाद्य उद्योगका उत्पादन | १९,७२ करोड | ४,३३ करोड |
| अन्य कृषिजन्य वस्तु | ५,८० करोड | २,४४ करोड |
| कुल | २,९१ अर्ब ८३ करोड | ७०,७१ करोड |

(स्रोत: भन्सार विभाग)

**आजको राशिफल**

| | |
|---|---|
| मेष: अन्नलाभ | वृष: बेचैनी |
| मिथुन: मनोरञ्जन | कर्कट: सफलता |
| सिंह: राज्यभय | कन्या: वादविवाद |
| तुला: यात्रालाभ | वृश्चिक: शत्रुभय |
| धनु: चोरभय | मकर: उदरपीडा |
| कुम्भ: विजय | मीन: कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**वर्गीकृत विज्ञापन**






# वर्षाले हरियो तरकारीको मूल्य आकाशियो

प्रस, बिरुवागुठी, १८ असार/

वर्षाको कारण हरियो तरकारीको मूल्य आकाशिएको छ । निरन्तर परिरहेको पानीले हरियो तरकारीखेती प्रभावित भएकाले अहिले मूल्यवृद्धि भएको हो। यहाँका हाटबजारमा हरियो खुर्सानी १६०, परवल १२०, रामतोरई, बन्दा रु १ सय प्रतिकिलो पुगेको छ भने घिरौला ६० र करैला रु ८० मा बिक्री भइरहेको छ । जेठमा यही हरियो तरकारी आधाभन्दा कम मूल्यमा बिक्री भएको थियो । पर्सागढी नगरपालिका–३ की लक्ष्मी सुवेदीले हरियो तरकारीको मूल्य छोइनसक्नुभएको बताइन् ।



पर्सागढी नगरपालिकाको तरकारी बजार । तस्वीर: प्रतीक

पर्सागढीसँगै हरियो तरकारी जिल्लाभरि महँगो भएको छ। वीरगंज महानगरमा पनि हरियो तरकारीको मूल्य आकाशिएको छ । जिल्लाका विभिन्न स्थान र बारा जिल्लाबाट समेत महानगरमा हरियो तरकारी आउने गरेको थियो। तर अहिले वर्षाका कारण ग्रामीण क्षेत्रका सडक सञ्जाल प्रभावित भएपछि हरियो तरकारी महानगरमा कम आपूर्ति भइरहेकाले मूल्यवृद्धि भएको हो।

असारको सुरुआतदेखि नै निरन्तररूपमा वर्षा भइरहेकाले हरियो तरकारीखेती गरेका किसानहरूको उत्पादन कम र माग बढी भएका कारण हरियो तरकारी दोब्बरभन्दा बढी महँगो भएको हो ।

# सवा दुई अर्बको केराउ, सुपारी, छोहोरा, मरिच आयात

प्रस, परवानीपुर, १८ असार/

औद्योगिक प्रयोजनबाहेक ट्रेडिङ व्यवसाय गर्ने उद्देश्यले वीरगंजको सुक्खा बन्दरगाह भन्सारबाट पछिल्लो ११ महीनामा २ अर्ब २५ करोड ९९ लाख ८७ हजार मूल्यबराबरको केराउ, सुपारी, मरिच र छोहोरा भित्रिएका छन्। चालू आवको गत साउनदेखि जेठ मसान्तभित्र पछिल्लो ११ महीनामा रु ३४ करोड ७३ लाख ९१ हजार राजस्व तिरेर विभिन्न आयातकर्ताले २ अर्ब २५ करोड ९९ लाख ८७ हजार मूल्यबराबरको ४ करोड ७ लाख ४४ हजार ६३३ किलो ती सामग्री आयात गरेका श्रीसिया सुक्खा बन्दरगाह भन्सारका सूचना अधिकारी चूडामणि शर्मा कट्टेलले जानकारी गराए। उनका अनुसार केराउ आयातमा १५ प्रतिशत मात्र भन्सार महसुल लाग्ने गर्छ भने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुट गरिएको छ । त्यसैगरी, सुपारीमा प्रतिकिलो रु ४५ भन्सार महसूल, प्रतिकिलो २५ रुपियाँ अन्तःशुल्क र १३ प्रतिशत मूअक लाग्ने गर्छ। त्यसैगरी, मरिचमा २० प्रतिशत भन्सार महसूल, १३ प्रतिशत मूअक लाग्छ । त्यस्तै, छोहोरामा १० प्रतिशत भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूअक लाग्ने गर्छ ।

चालू आवको पछिल्लो ११ महीनामा रु २४ करोड ३१ लाख ४ हजार राजस्व तिरेर रु २ अर्ब २ करोड २२ लाख ७८ हजारको ३ करोड ८७ लाख ४८ हजार ३ सय ८ किलो केराउ मात्रै भित्रिएको छ भने रु ८ करोड ४३ लाख ८५ हजार राजस्व तिरेर १५ करोड ६० लाख १५ हजार ९ सय ७ मूल्यबराबरको ११ लाख ९२ हजार किलो सुपारी, रु १ करोड ५७ लाख ५ हजार राजस्व तिरेर ६ करोड ३२ लाख ३४ हजार मूल्यबराबरको ७ लाख ४८ हजार ८ सय २५ किलो छोहोरा भित्रिएको छ । त्यसैगरी, रु ४१ लाख ९६ हजार राजस्व तिरेर १ करोड ८४ लाख ५८ हजार मूल्यबराबरको ५५ हजार ५ सय किलो मरिच पनि भित्रिएको जनाइएको छ।

**गोप्यरूपमा कोटा वितरण भएपछि आयो ४४ करोडको सामान**

सरकारले केराउ, सुपारी, मरिच र छोहोराको आयात अस्वाभाविक भएको भन्दै चालू आवको करीब ९ महीना परिमाणात्मक बन्देज लगाएर यी चार वस्तुको आयात रोकेको थियो। तर गत चैत २५ गते सरकारको निर्णय अनुसार सत्तासीन नेताका आसेपासे व्यवसायीलाई गोप्यरूपमा कोटा वितरण गरिएको थियो। कोटा बाँड्न सरकारले निवेदन माग गरे तापनि गोप्यरूपमा कोटा वितरण गरिएपछि सरकारको आलोचना भएको थियो । सरकारले नेपालमा खपतको आधारमा सुपारी २५ हजार टन, केराउ ८० हजार टन, मरिच १५ हजार टन र छोहोरा ५ हजार टन मात्र आयात गर्नेगरी केही व्यवसायीलाई कोटा वितरण गरेको थियो । केराउको ८० हजार टन कोटामध्ये करीब ३८ हजार टन भित्रिसकेको छ । वितरित कोटा अन्तर्गतका वस्तु असार ३१ गतेसम्म विदेशबाट जहाजमा लोड भइसक्नुपर्छ। अन्यथा ती वस्तुको भन्सार बिन्दुमा जाँचपास नहुने सरकारको निर्देशन छ।

विदेशबाट कन्टेनरमा रेलमार्ग हुँदै भाडा र दूरीको हिसाबले सबैभन्दा नजीकको भन्सार कार्यालय श्रीसिया सुक्खा बन्दरगाह हो। त्यसै कारण कोटा वितरण भएको केही दिनपछि यी वस्तुको आयात शुरू भएको थियो । चैत २५ गतेदेखि जेठ मसान्तसम्ममा मात्रै ४४ करोड १४ लाख मूल्यबराबरको केराउ, सुपारी, छोहोरा आयात भएको छ । मरिच यो अवधिमा आयात भएको छैन।

अस्ट्रेलिया, अमेरिका, युक्रेन, क्यानडा, पाकिस्तानलगायतका देशबाट केराउ, मरिच, छोहोरा, सुपारी आयात गरी भारतीय सीमा बजारमा तस्करी भइरहेको भन्दै सरकारले भन्सार दरबन्दी बढाउँदै आएको छ भने परिमाणात्मक बन्देज पनि लगाउने गरेको छ।

# आन्तरिक राजस्वद्वारा अघिल्लो वर्षको तुलनामा डेढ अर्ब बढी असुली

प्रस, वीरगंज, १८ असार/

आन्तरिक राजस्व कार्यालय वीरगंजले चालू आवको साउनदेखि जेठ मसान्तसम्म ११ महीनामा ७ अर्ब २२ करोड ५३ लाख ६८ हजार राजस्व असुली गरेको छ। यो अवधिमा राजस्व कार्यालयले ९ अर्ब ४ करोड ४८ लाख ४७ हजार लक्ष्य पाएकोमा कोरोना महामारीको कारण वैशाख र जेठमा निषेधाज्ञा लागेकोले कुल राजस्व लक्ष्य भेट्न सकेन।

कुल राजस्वको ७९.८८ प्रतिशत राजस्व सङ्कलन गरेको राजस्व कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी हृदयनारायण महतोका अनुसार चालू आवको ११ महीनामा आयकरतर्फ १ अर्ब ४० करोड १७ लाख ३३ लाख लक्ष्य पाएकोमा लक्ष्यभन्दा ३९.०१ प्रतिशत बढी अर्थात् १ अर्ब ९४ करोड ८४ लाख ९० हजार, भ्याटतर्फ १ अर्ब २१ करोड ६७ लाख ६६ हजार लक्ष्य पाएकोमा ५३.७१ प्रतिशत बढी अर्थात् १ अर्ब ८७ करोड ३ लाख ३५ हजार असुली भएको छ।

त्यसैगरी अन्तःशुल्कतर्फ ६ अर्ब ३६ करोड ११ लाख ६७ हजार लक्ष्य पाएकोमा ५२.४५ प्रतिशत अर्थात् ३ अर्ब ३३ करोड ६५ लाख ८५ हजार, घरबहाल करतर्फ २ करोड ७३ लाख १३ हजार लक्ष्य पाएकोमा ९६.९८ प्रतिशत अर्थात् २ करोड ६४ लाख ८८ हजार, ब्याज करतर्फ ३ करोड ४४ लाख २७ हजार लक्ष्य पाएकोमा २६.२६ प्रतिशत बढि अर्थात् ४ करोड ३४ लाख ६६ हजार राजस्व सङ्कलन गरेको जनाएको छ ।

गत आवको पछिल्लो ११ महीनामा कार्यालयले १० अर्ब १६ करोड ८६ लाख ९ हजार लक्ष्य पाएकोमा ५४.३२ प्रतिशत अर्थात् ५ अर्ब ५२ करोड ३१ लाख ९ हजार मात्र राजस्व सङ्कलन गरेको थियो। पोहोरभन्दा चालू आवको ११ महीनामा करीब १ अर्ब राजस्व लक्ष्य कम पाएको कार्यालयले पोहोरभन्दा १ अर्ब ६० करोड बढी राजस्व सङ्कलन गरेको छ।

# हेटौंडा–भैंसे सडकखण्ड अवरुद्ध

मकवानपुर, १८ असार/रासस

गएरातिदेखि परेको अविरल वर्षाका कारण त्रिभुवन राजपथ अन्तर्गत पर्ने हेटौंडा–भैंसे सडकखण्ड अवरुद्ध भएको छ । भीमफेदी गाउँपालिका–१ मा पर्ने बागझोरामा आएको बाढीले गर्दा हेटौंडाबाट जाने र भैंसे हुँदै हेटौंडा आउने यातायात अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक निमित्त प्रहरी उपरीक्षक देवेन्द्र दासले जानकारी दिए । उनका अनुसार उक्त बाढीले बगाएको गिट्टी, बालुवा, ठूला–ठूला ढुङ्गा हटाइ यातायात सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

त्यस्तै, भीमफेदी–कुलेखानी हुँदै काठमाडौं जाने सडक पनि बिहीवारदेखि नै अवरुद्ध छ। भीमफेदी–६ गढीमा ठूलो पहिरो गएको र अझै पानी नरोकिएको कारण पहिरो हटाउन समस्या भएकोले उक्त सडकखण्डमा पनि यातायत अवरुद्ध भएको उनले बताए । कान्ति लोकपथ अन्तर्गत पर्ने भीमफेदी–८ गङ्टेमा पनि पहिरो जाँदा बिहीवारदेखि नै यातायात अवरुद्ध भएको जिप्रकाले जनाएको छ।

# सतर्कता अपनाउन आग्रह

काठमाडौं, १८ असार/रासस

देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भूभागनजीक मनसुनी न्यूनचापीय रेखा रहेकाले शुक्रवार अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले प्रदेश नं १, प्रदेश नं २, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चटयाङसहित भारी वर्षा भएकाले विशेष सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । उक्त प्रदेशको पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनाका साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जीवन/यातायत क्षेत्र प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन भनिएको छ।

हाल देशभर सामान्यदेखि पूर्ण बदली छ। प्रदेश नं १, प्रदेश नं २ र गण्डकी प्रदेशका धेरै स्थानमा मध्यमदेखि भारी वर्षा र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको महाशाखाको विवरणमा उल्लेख छ । दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, प्रदेश नं २, वाग्मती र गण्डकी प्रदेशका थोरै स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको भएको थियो । राति पनि यही मौसमी प्रणाली कायम रह्यो।

शनिवार पनि देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

# विन्ध्यवासिनीमा स्वास्थ्यचौकीको उद्घाटन

प्रस, विन्ध्यवासिनी, १८ असार/

विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीमा स्वास्थ्य चौकी भवनको उपाध्यक्ष किरण देवीले उद्घाटन गरेकी छन्।

रु ३ लाख लागतमा प्रसौनीस्थित पुरानो विद्यालय भवनलाई मरम्मत सम्भार गरेर स्वास्थ्य चौकी निर्माण गरिएको हो।



तस्वीर: प्रतीक

कार्यक्रममा उपाध्यक्ष किरण देवीले सोही वडाको बडसर्वामा स्वास्थ्य चौकी रहे पनि प्रसौनीबाट तीन किलोमिटर टाढा भएकोले अर्को स्वास्थ्य चौकीको स्थापना गरी प्रसौनीवासीलाई सहज बनाएको बताइन्। उनले स्वास्थ्य चौकी निर्माणपछि प्रसौनीवासीलाई उपचारको लागि टाढा जानुनपर्ने बताइन्। स्वास्थ्य चौकी निर्माणसँगै रु ४ लाखबराबरको औषधि उपलब्ध गराइएको उनले जानकारी गराइन्।

कार्यक्रममा वडाध्यक्ष सुकदेवराउत अहिर, स्वास्थ्य संयोजक नरेश चौहान, स्थानीय समाजसेवी बबलु गुप्तालगायतको सहभागिता थियो।




# सहकार्यमा अपराध नियन्त्रण गर्छु –प्रनाउ कुँवर

प्रस, जीतपुर, १८ असार/

इलाका प्रहरी कार्यालय सिमरामा सरुवा भएका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले सञ्चारकर्मीसँग भेटघाट गरेका छन्।

पत्रकार सम्मेलनमा बोल्दै उनले प्रहरी र पत्रकारबीच नङ–मासुको सम्बन्ध हुनुपर्ने बताए। उनले अपराध नियन्त्रणमा सञ्चारकर्मीसँग समन्वय हुनुपर्ने बताए। प्रनाउ कुँवरले सञ्चारकर्मीहरूको सल्लाह, सुझाव र जानकारीबमोजिम काम गर्ने बताए । उनले यस क्षेत्रमा अपराध नियन्त्रण गर्न चौबीसैं घण्टा प्रहरी तयार रहेको बताए। प्रनाउ कुँवरले यसअघि आफू पर्सा जिल्लामा कार्यरत रहेको बताउँदै बारा जिल्लामा हुने आपराधिक क्रियाकलापबारे जानकार रहेको बताए।



प्रनाउ मनोजीत कुँवर। तस्वीर: प्रतीक

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घ बाराका अध्यक्ष रेशम तिवारीले सञ्चारकर्मीले माग गरेका सूचना, जानकारी प्रहरीले सजिलै उपलब्ध गराउनुपर्नेमा जोड दिए।

## खहरे र ............

*प्रस, पर्सागढी/*

पर्सागढी नगरपालिका–३ आमोदेवी पुलनजीकको सडकखण्ड भासिएको छ। अविरल वर्षाले जनता सडक अन्तर्गत आमोदेवी पुलनजीकको सडकखण्ड कटान गरेपछि अहिले सो क्षेत्र भएर मोटरसाइकल, साइकलबाहेक अन्य सवारीसाधन सञ्चालनमा आएका छैनन्। जीतपुर–ठोरी सडक अन्तर्गत जनता सडकमा सवारी चाप बढी हुने गरेको छ तर यो सडकखण्डका विभिन्न स्थानमा क्षति पुगेपछि सवारीसाधन बन्द भएका छन्।

*प्रस, सेढवा/*

अविरल वर्षाको कारण हुलाकी सडकखण्ड, थरुहट सडकखण्ड, जनता सडकखण्ड तथा गण्डक नहरको सडकखण्ड ठाउँ–ठाउँमा भासिएका र कटान भएकाले वीरगंजसँग सम्पर्क विच्छेद भएको छ।

पावरहाउस चोकदेखि जीराभवानी गाउँपालिका–१ चमरी टोलसम्मको हुलाकी सडक निर्माणको जिम्मा पाएको पप्पु कन्स्ट्रक्शनले समयमा काम नगर्दा आवागमनमा कठिनाइ भएको जीराभवानी गापा–२ सेढवा निवासी भगवान चौधरी थारूले बताए। यस सडकखण्ड अन्तर्गत रहेका जीराभवानी र जगरनाथपुर गापाका कैयौं स्थानमा कल्भर्ट निर्माण नभएको, निर्माण भएपनि सञ्चालनमा नआएका कारण सर्वसाधारणलाई आवतजावत गर्न समस्या खेप्नुपरेको थारूले बताए।

यता थरुहट सडकखण्डको निर्माणको जिम्मा पाएको रञ्जन निर्माण सेवाले एक वर्षदेखि काम नगर्दा बाटो हिलाम्य भएको छ। सडकको दुर्गतिका कारण कुनै पनि सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । एम्बुलेन्स सेवासमेत प्रभावित भएकाले बिरामीहरूले सास्ती भोग्नुपरेको ठोरी गापा–५ का पञ्चलाल पाख्रिनले बताए। बाराको जीतपुर जाने जनता सडकखण्डको अवस्था पनि उस्तै रहेको उनले बताए । अहिले गाउँबाट जीतपुर पुग्न ६ घण्टा लाग्ने गरेको पाख्रिनले बताए।

यता गण्डक नहर सडक निर्माणको ठेक्का पाएको ठेकेदार कम्पनीले माटो बिछ्याएर छाडेको कारण वीरगंज पुग्न चुनौती नै भएको जगरनाथपुर गापा–३ का विनोद साह बताउँछन्।



विन्ध्यवासिनी गाउँपालिका अन्तर्गत अमरपट्टी र भारतको सीमावर्ती क्षेत्र भेलाही बजार जाने सीमास्तम्भ अहिले डुबानमा परेको छ। अमरपट्टी, भेलाही क्षेत्रमा पानीको बहाव बढेकाले सो क्षेत्रका सडकखण्ड, खेत जलमग्न हुनुका साथै पानीले बस्तीलाई पनि प्रभावित पारेको छ। तस्वीर: नितेश कर्ण